आज मिति २०८१ साल आश्विन १० गते विहान ११:०० बजे यस ठाँटीकाँध गाउँपालिकाको ४३ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरीयो।

उपस्थिति

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | — |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३. | लव बहादुर शाही | सूचना अधिकारी | ठाँटीकाँध गापा दैलेख | |

७

मिति २०८१/०६/१० गतेको ४३ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रको जनरल एक्स रे र भिडियो एक्स रे लगायत अन्य उपकरण मर्मत सम्बन्धमा ।

प्रस्ताव नं.२

अपांगता परिचयपत्र वितरण र स्वास्थ्य परीक्षणका लागि शिविर सञ्चालन सम्वन्धमा ।

प्रस्ताव नं.३

प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रका लागि मोटरसाईकल व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं.४

असिष्टेण्ट सब ईन्जिनियरको रिक्त पदपूर्तिका लागि पुनः विज्ञापन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.५

दशैंको शुभकामना आदानप्रदान सम्बन्धमा ।

प्रस्ताव नं.६

एक जना कार्यालय सहयोगी थप गरी नियुक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७

किरिया खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.८

विद्यालयमा लेखा सहायक र कार्यालय सहयोगी कर्मचारी थप सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ मा माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रमा रहेका देहायका औजार उपकरणहरु मर्मत गर्नुपर्ने भएकाले देहाय अनुसार गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | औजार उपकरणको विवरण | संख्या | हालको अवस्था | अव गर्नुपर्ने व्यवस्था |
|---|---|---|---|---|
| १ | जनरल एक्स रे | २ थान | १ थान चालु र १ थान मर्मत गर्नुपर्ने | मेकानिक्स वोलाएर मर्मत गर्नुपर्ने |
| २ | भिडियो एक्स रे | १ थान | मर्मत गर्नुपर्ने | काठमाण्डौ लगि मर्मत गर्नुपर्ने |
| ३ | सोलार व्याट्री | २ सेट | २ सेट मध्ये १ सेट चालु | १ सेट प्रा स्वा के कार्यालय |

| | | | (डाक्टर क्वाटरको चालु) | भवनको लागि खरिद गर्नुपर्ने |
|---|---|---|---|---|

उक्त कार्य गर्न सम्बन्धित आधारिकारिक विशेषज्ञबाट लागत अनुमान तयार गरी हाललाई मर्मत संभार शीर्षकमा विनियोजित रकमबाट मर्मत कार्य गर्ने र नयाँ खरिद गर्नुपर्ने सोलार सेट प्रा स्वा के को आन्तरिक स्रोतबाट खरिद गर्ने साथै अन्य सम्पूर्ण आय व्यय गाउँपालिकाको आगामी बैठकमा पेश गर्न प्रा स्वा के लाई पत्राचार गर्ने गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस पूर्व महिला तथा बालबालिका कार्यालय दैलेखबाट वितरण भएका अपांगता परिचयपत्रको अभिलेख यस कार्यालयमा नरहेकोले सो विवरण अद्यावधिक गर्नुपर्ने, गाउँपालिका गठन पश्चात् वितरण गरिएका कतिपय परिचय पत्रको विवरण कार्यालयको मुल अभिलेखमा नभेटिएको र यसपूर्व वर्गीकरण गरी वितरण भएका परिचयपत्र ठाटीकाँध गाउँपालिकाको अपांगता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि,२०७७ बमोजिम नदेखिएकाले सो वर्गीकरण र वितरण प्रकृयालाई व्यवस्थित गरी अभिलेख समेत अद्यावधिक गर्न आवश्यक भएकाले सो को समुचित प्रबन्ध मिलाउन शिविर सञ्चालन गर्ने र सो शिविरमा अपांगता भएका र जेष्ठ नागरिकका अतिरिक्त अन्य नागरिकहरुका लागि एकीकृत घुम्ती सेवा सञ्चालन गर्न गर्ने गरी प्रस्ताव तयार गरी पेश गर्न आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका अतिरिक्त अन्य विषयगत शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्रका कार्यरत डाक्टरलाई छिटो छरितो सेवा प्रवाहका लागि १ थान मोटरसाईकल माग भई आएकाले खरिद गरी हस्तान्त्रण गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा विगत आ ब २०७९।०८० मा विज्ञापन भई क्रमशः मिति २०८१ आश्विन ८ र ९ गते सब ईन्जिनियर रिक्त पद संख्या १ र असिष्टेण्ट सब ईन्जिनियर रिक्त पद संख्या ३ का लागि करार सेवामा पदपूर्ति गर्न लिईएको परीक्षाबाट असिष्टेण्ट सब ईन्जिनियर रिक्त पद संख्या ३ मध्ये २ वटा पदमा मात्र उम्मेद्वार सिफारिस भएको र १ पद अझै रिक्त हुन गएकाले पालिकाका सबै वडामा दरबन्दी अनुसार सिभिल ईन्जिनयरिंग तर्फका पदपूर्ति गरी सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक भएकाले उक्त पद सहित थप १ जना असिष्टेन्ट सब इन्जिनियर सहित २ जना पुनः विज्ञापनको लागि १५ दिने सूचना प्रकाशन गरी उक्त रिक्त पद पूर्ति प्रकृया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा २०८१ सालको विजया दशैं र तिहार तथा शुभदीपावली लगायतका आशन्न चाडपर्वका अवसरमा ठाटीकाँध गाउँपालिका निवासी सबै महानुभावहरुमा शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस कार्यालयको लागि १ जना कार्यालय सहयोगी कर्मचारी आवश्यक भएकोले १५ दिने विज्ञापन गरी दरखास्त आवहान गर्ने र अन्तरवार्ता प्रकियाबाट छनोट प्रकिया अगाडी बढाउनको लागि गाउँ कार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा मिति २०८१।०४।०९ गतेका दिन ठाटीकाँध गउँपालिका वडा नं २ पिपलचौतारा स्थित श्री शेर बहादुर बमको घरमा पहिरो गाई निजको निधन भएकोले किरिया खर्च बापत निजको पत्नी ऐ. लालसरा बमलाई रु २५००० रुपैंया विपद व्यवसथापन कोषबाट दिनको लागि गाउँ कार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं ८

प्रस्ताव नं.८ माथि छलफल गर्दा नेपाल सरकार संघीय सशर्त अनुदानवाट यस पालिकाभित्रका ७ वटा मा वि लाई लेखा सहायक कर्मचारीका लागि पारिश्रमिकको अख्तियारी प्राप्त भएकोमा ४ वटा विद्यालयलाई यस पूर्व नै कर्मचारी पदपूर्ति भई कार्यरत रहेका र अन्य ३ वटा माध्यमिक विद्यालयमा चालु आ व देखि १।१ जना लेखा सहायक कर्मचारी पदपूर्ति गर्न कोटा सहित अनुमति प्रदान गर्ने निर्णय गरियो । साथै शिक्षा तर्फकै सशर्त अनुदानबाट निम्न विद्यालयहरुमा कार्यालय सहयोगीका लागि कर्मचारीहरु थप गर्ने निर्णय गरियो।

तपसिल

| सि नं | विद्यालयको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री दशरथ मा वि प्याडुली | लेखा सहायक | |
| २ | श्री ने रा माध्यमिक विद्यालय धामिगाउँ | लेखा सहायक | |
| ३ | श्री देउती माध्यमिक विद्यालय गैरागाउँ | लेखा सहायक | |
| ४ | श्री मालिका माध्यमिक विद्यालय पाँचला | कार्यालय सहयोगी | साविक गाउँपालिकावाट अनुदान पाउने गरी नियुक्ति भएका का स लाई नै सशर्त अनुदान पाउने गरी नियुक्ति दिने । |
| ५ | श्री देवलगण आ वि नुवावन | कार्यालय सहयोगी | |

CamScanner